दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २२८ | बुटवल | २०८१ साउन ३०, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Aug.14, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१


## केहीबेरको वर्षाले अमरपथ जलमग्न



बुटवल । केहीबेरको वर्षाले बुटवलको मुख्य व्यापारिक क्षेत्र अमरपथ जलमग्न बनेको छ ।

नालीको उचित निकास र व्यवस्थापन नहुँदा बुटवलको लक्ष्मीनगर क्षेत्रबाट आएको भलका कारण अमरपथ र हाटबजार क्षेत्र जलमग्न भएको हो । लेदो माटो सहितको भलले अमरपथ क्षेत्रमा केही समय सवारी साधन चलाउन र आवागमनम समस्या भएको थियो । स्थानीयले नालीमा जम्मा भएका प्लास्टिक लगायत अवरोध हटाएपछि एक घण्टापछि डुबान हटेको थियो । उपमहानगरले वर्षा लागेसँगै पानीको निकासका लागि पूर्व तयारी नगर्दा पसलहरुमा पानी पसेको व्यावसायीहरुको गुनासो छ । बुटवलमा केही समय पहिले पनि वर्षाको पानीको निकास नहुँदा पश्चिमनेपाल बस व्यवसायी प्रालि, रुपन्देही उद्योग संघ र राष्ट्रिय समाचार समितिका कार्यालय डुबानमा परेका थिए ।

## बीटीआइबारे अर्थमन्त्रीसँग छलफल



बुटवल । बुटवल उपमहानगरपालिकामा रहेको बुटवल टेक्निकल कलेज बीटीआइमा काठमाडौँ विश्वविद्यालयको आङ्गिक क्याम्पसको रूपमा सञ्चालन हुँदै स्नातक अध्ययन सुरु गर्नको लागि प्रारम्भिक छलफल सुरु भएको छ ।

अर्थ मन्त्रालय काठमाडौँमा अर्थमन्त्री विष्णु पौडेलसहितको टोलीले बीटीआइलाई काठमाडौँ विश्वविद्यालयको इञ्जिनियरिङतर्फको आङ्गिक क्याम्पस बनाउने गरी बुटवल उप-महानगरका प्रमुखसहितको टोलीसँग छलफल भएको अर्थमन्त्रीका स्वकीय सचिव यम पाण्डेले जानकारी दिए ।

अर्थमन्त्री विष्णु पौडेलसहित पूर्व मन्त्री हरि पाण्डेय, काठमाडौँ विश्वविद्यालय उपकुलपति डा. भोला थापा सहितसँग पनि उप-महानगरको टोलीले छलफल गरेको छ । छलफलका क्रममा काठमाडौँ विश्वविद्यालय उपकुलपति डा. भोला थापा आङ्गिक क्याम्पसको रूपमा बीटीआइलाई दिन सकारात्मक रहेको बताइएको छ ।

छाडा गाईवस्तु व्यवस्थापनको मोडल

# पशु गणना गर्ने र गोठबाट गौशाला पुऱ्याउने

**छाडा गाईवस्तु व्यवस्थापनका लागि पशु गणना गरी ट्याग लगाएर रेकर्ड राख्न सकिन्छ । दूध दिन छाडेका गाईवस्तु गोठबाट गौशाला पुऱ्याउने व्यवस्थाले नै छाडा गाईवस्तुको दीगो व्यवस्थापन हुनसक्छ ।**

**शेरबहादुर केसी**
*बुटवल*



सडकमा साँढे आतंक । गौशालामा गाई । साउन २४ गते

सडकमा छाडेको साँढेले रेसुङ्गा नगरपालिका–४ अर्खलेकी ४५ वर्षीया सीता पाण्डेको निधन भएपछि गौशालामा साँढे किन नराखेको भन्ने प्रश्न उठेको छ ।

केही वर्षदेखि बुटवल पुल्चोकमा खाजा पसल चलाएर बालबच्चा हुर्काउँदै आएकी सीता २२ गते साँझ दूध किन्न पसल जाँदै थिइन्, दुई साँढे जुधिरहेका थिए, त्यही बेला किनारा लाग्दालाग्दै साँढेले कुल्चेपछि गम्भीर घाइते भएकी उनको लुम्बिनी प्रादेशिक अस्पतालमा उपचार गर्दागर्दै तीन दिनपछि निधन भयो ।

बुटवल उप-महानगरपालिकाले चलाएको गौशालामा ४ सय गाई पुग्दा साँढे जति सडकमा छन् । उप-महानगरपालिकाका पशु प्राविधिक झविन्द्र बञ्जाडेका अनुसार साँढे नियन्त्रणमा लिन र गौशालामा राख्न समस्या भएको छ । बुटवलमा छाडा चौपायाको आक्रमणमा पर्ने सीता मात्रै एक होइनन् ।

मोटरसाइकल र स्कुटी चलाइरहेका उनीहरुको आक्रमणमा पर्दा वा उनीहरुबाट जोगिन खोज्दा दुर्घटनामा परेका छन् । छाडा चौपायाको आक्रमणबाट घाईते भएका र मृत्यु भएकाको रेकर्ड प्रहरी कहाँ छैन ।

पत्रकार मधुसुदन पन्थीले दस वर्षअघि आमा गुमाए । आमाको घर्कदो उमेरमा कुनै रोग थिएन । सबै कुराले ठिकठाक आमा धेरै वर्ष बाँच्नुहुन्छ भन्ने लाग्थ्यो । बुटवल-८ सुख्खानगर घर अगाडि बाटोमा हिड्दै गरेकी आमालाई छाडा गाईले हान्यो, घाइते भएकी आमाको यहाँ उपचार हुन नसकेपछि काठमाडौं पुऱ्याइयो । त्यहाँ उपचार भयो, निको भएन् ।

तीन वर्षअघि कालिकानगरमा मोटरसाइकल चलाइरहेका एक युवालाई छाडा गाईले हान्यो । घाइते ती युवालाई काठमाडौं पुऱ्याएर उपचार भयो । छाडा गाईवस्तुको जोखिम बुटवलमा बढिरहेको छ । पैदलयात्री र दुई पाङ्ग्रे चलाउनेले ज्यान जोगाउन हम्मे हम्मे भएको छ ।

छाडा गाईवस्तुले सडकमा यातायातका साधन कुदाइरहेका र सडकमा पैदल हिड्दै गरेकालाई हानेर घाइते बनाइरहँदा समाधानको ठोस कार्ययोजना नबन्नु नागरिकप्रतिको गैरजिम्मेवारी हो । घाइते र मृत्यु भएका नागरिकको बारेमा न कुनै निकायमा तथ्याङ्क उपलब्ध छ । न त प्रभावित व्यक्तिको कुनै उजुरी । संवैधानिक प्रबन्धअनुसार छाडा गाईवस्तु व्यवस्थापन गर्ने स्थानीय तहको हो । अहिले स्थानीय तहको काम हो नि भनेर गोठमा बाँधेका गाई सडकमा छाड्ने प्रवृत्ति मौलाउँदा स्थानीय तहलाई पनि हम्मे–हम्मे भएको छ । दूध दिउञ्जेल बाँध्ने तर दूध दिन छाडेपछि छाडा छाड्ने प्रवृत्ति ठीक होइन ।

सडकमा कुनै यातायातको साधनले हानेर घाइते भएमा वा ज्यान गएमा प्रहरीकहाँ तथ्याङ्क हुन्छ । छाडा गाईवस्तुको समस्या दिनप्रतिदिन भयावह बनिरहेका बेला त्यसबाट प्रभावितको छुट्टै तथ्याङ्क नहुनु समस्याप्रति गम्भीर नबन्नु हो ।

कुनैबेला बुटवलमा छाडा गाईवस्तुको लस्कर देख्दा अन्यत्रका मान्छे अचम्म मान्थे । पूर्व-पश्चिम चल्ने बसमा यात्रा गर्दै गरेका यात्रु सडकमा छाडा गाईवस्तुको लस्कर झ्यालबाट टाउको निकालेर आश्चर्य मान्दै हेर्थे । डेढ दशक अघि एउटा कार्यक्रममा सहभागी हुन यहाँ आएकी भुटानी राजकुमारीले सडकमा छाडा गाईवस्तु देखेर सोधिछिन्-के यहाँ गाई सडकमै पाल्ने चलन छ ? उनले सडकमा गाईको लस्कर देखेर गरेको प्रश्न हाम्रा लागि चोटिलो प्रहार थियो । हामी सडकमै गाई पालेझैं यो समस्यालाई नजरअन्दाज गरिरहेका छौं । त्यसो त अहिले गौशाला बनाएर समस्या समाधानको पहल भएको छ । तर गौशाला बनाएर छाडा गाईवस्तुको दीर्घकालीन व्यवस्थापन गर्न संभव छैन ।

कुनै बेला बुटवलको यो समस्या अहिले देशका प्रमुख शहरमा विस्तार भएको छ । अब छाडागाई वस्तु कुनै शहर विशेषको रहेन । यो मुलुककै साझा र ठूलो समस्याको रूपमा अगाडि तेर्सिएको छ । लुम्बिनी प्रदेशकै कुरा गर्ने हो भने बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लाका राजमार्ग क्षेत्र र यसैसँग जोडिएका शहरमा छाडा गाईवस्तुले ट्राफिक व्यवस्थापनमा चुनौती थपेका छन् ।

हिन्दु समाजमा गाईको पूजा गरिन्छ । गाई काट्नु जघन्य अपराध मानिन्छ । गाई राष्ट्रिय जनावर पनि हो । गाईप्रतिको सामाजिक र धार्मिक मान्यताले व्यवस्थापन चुनौतीपूर्ण छ । नेपाली हिन्दु समाजको मान्यताले नै गोठबाट सडकमा गाई छाड्ने प्रवृत्ति मौलाएको हो । रूपन्देहीमा व्यवसायिक गाईपालन हुन थालेको चार दसक नाघ्यो । भारतको आसाममा रोजगारीका लागि पुगेका गुल्मी, अर्घाखाँचीलगायतबाट पुगेका नेपाली गाईपालनमा लागे । गाई फर्ममा काम गर्न गएकाहरु पछि आफैं त्यहाँ गाई फर्म चलाए । त्यहाँ बस्ने वातावरण धुमिलिएपछि र अरु पारिवारिक व्यवस्थापनको कारणले पुर्ख्यौली थातथलो खोज्दै आए ।

» बाँकी ३ पेजमा

## पहिरोले एउटै टोलका ४५ घर विस्थापित

गुल्मी । गुल्मीमा एकै दिनको पहिरोले एउटै टोलका ४५ घरधुरी विस्थापित भएका छन् । मालिका गाउँपालिकाको च्यानडाँडा गाउँका ४५ घर धुरी साउन २२ गतेको पहिरोबाट विस्थापित भएका हुन् ।

गत एक हप्तादेखि ती परिवारका सयौं मानिस सार्वजनिक स्थानमा बस्न बाध्य भएका छन् । बाटो, खानेपानी, विद्युत्लगायतका सबैखाले सुविधाबाट सयौ मानिस वञ्चित भएका छन् ।

जिल्लाको विकट मानिने गाउँपालिका अध्यक्ष देवीराम अर्यालका अनुसार मानवीय क्षती नभए पनि भौतिक क्षतीका दृष्टिले अहिलेसम्मकै यो ठूलो क्षती हो । गत वर्ष मात्रै बनेको च्यानडाँडा माविको भवन समेत पहिरोले तानेको छ ।

दुई जना मानिस गम्भीर घाइते भई बुटवलतर्फ उपचार गर्न पठाइएको छ । पहिरोले भैँसी समेत मरेका छन् । ४५ घरधुरीको बारी पहिरोले ठाडो खोलामा परिणत भएका छन् । विस्थापित सबैलाई विद्यालय भवन, , स्वास्थ्य र कृषिका भवनलगायतका सार्वजनिक स्थानमा राखिएको छ । छिमेकी जिल्ला बाग्लुङको बडीगाड गाउँपालिका १० को दर्लिङ्ग र त्यहाँ एकै साथ पहिरो गएको थियो ।

पाटाखर्क माथि च्यानडाँडा टापु छ । त्यही डाँडोबाट दोहोरो पहिरो जाँदा बाग्लुङतर्फ ठूलो मानवीय क्षति पुराएको र गुल्मीतर्फ ठूलो भौतिक क्षती पुराएको अध्यक्ष अर्यालले बताए । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष रहेका प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माले राहत पुराउने र अवस्था सहज बनाउन के गर्न सकिन्छ भन्ने विषयमा छलफल चलिरहेको जनाए ।

उक्त स्थानमा अधिकांश दलित समुदायको बसोबास छ । घटनास्थल सदरमुकाम तम्घासदेखि ४२ किलो मिटर दुरीमा पर्दछ । उक्त स्थानमा वर्षेनी बाढी पहिरो जाँदै आए पनि कुनै पनि तहका जनप्रतिनिधिहरुले बस्ती स्थानान्तरणका लागि चासो दिएका छैनन् ।

सहकारीको बचत अपचलन :

## गाउँपालिका अध्यक्षविरुद्ध पक्राउ पुर्जी



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको बिरुवा गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर कुँवरलाई पक्राउ पुर्जी जारी भएको छ । सहकारीको रकम अपचलन गरेको अभियोग लागेपछि अनुसन्धानका लागि कुँवरसहित तीन जनाविरुद्ध पक्राउ पुर्जी जारी भएको हो ।

जिल्ला सदरमुकाममा रहेको सूर्योदय बचत तथा ऋण सहकारी संस्था लि. को बिरुवा सेवा केन्द्रबाट रकम अपचलन गरेको आरोपमा उनीहरुलाई पक्राउ पुर्जी जारी भएको छ । रकम अपचलन भएको घटना बाहिरीएपछि सहकारीको आन्तरिक अनुसन्धानमा ३ करोड ६६ लाख रुपैयाँ अपचलन भएको भेटिएको श्रोतले दाबी छ ।

पक्राउ पुर्जी जारी हुनेमा कुँवरसहित सहकारीका बिरुवा सेवा केन्द्रका तत्कालिन सचिव हालका अध्यक्ष तारेन्द्रबहादुर के.सी. र मुक्तिनाथ विकास बैंक बिरुवा शाखाका कस्टमर सर्भिस विभागमा कार्यरत कर्मचारी सन्ध्या भण्डारी रहेका छन् ।

प्रहरी अनुसन्धानमा सहकारीको बिरुवा सेवा केन्द्र प्रमुख जीवन वाग्लेले २०७४ देखि सहकारीमा भएको रकम अपचलन घटनामा गाउँपालिकाका अध्यक्ष कुँवरसहितका व्यक्ति संलग्न रहेको बताएपछि उनीहरुलाई पक्राउ पुर्जी जारी भएको प्रहरी श्रोतले जनाएको छ ।

गाउँपालिकाका अध्यक्ष कुँवरले २०७४ को स्थानीय निर्वाचनका समयमा कागजात बिना रकम लगेर अपचलन गरेको प्रारम्भिक अनुसन्धानमा खुलेको छ । स्थानीय सर्वसाधारणबाट सहकारीमा संकलित मोटो रकम अपचलन भएपछि सूर्योदय सहकारीकै प्रबन्धक ध्रुबनारायण श्रेष्ठ समेतको जाहेरीमा उनीहरुलाई पक्राउ पुर्जी जारी भएको प्रहरीको भनाइ छ ।

पार्टीका नेताले पैसा लग्ने, सेवा केन्द्र प्रमुख जीवन वाग्लेले बैंकिङ् स्टेटमेन्ट ईडिटिङ् गरेर मिलाउने र मुक्तिनाथ बैंककी कर्मचारी भण्डारीमार्फत् स्टेटमेन्ट प्रमाणित गर्ने गरेको खुलेको छ । आमसर्वसाधरणको रकम अपचलन गर्नेलाई कडा कारबाही गर्न सहकारीका बचतकर्ताले आग्रह गरेका छन् ।

पालिकाका अध्यक्ष कुँवर र सहकारी सेवा केन्द्रका अध्यक्ष के.सी. का नातेदार हुन् भने सेवा केन्द्र प्रमुख एमालेकै कार्यकर्ता हुन् । २०७४ को स्थानीय निर्वाचन कुँवर एमाले पार्टीबाट गाउँपालिकाको अध्यक्ष बनेका हुन् । लामो समय शिक्षण पेशामा आबद्ध भएका अध्यक्ष कुँवर शिक्षण पेशा छाडेर राजनीतिमा आएका थिए ।




दैनिक लुम्बिनी

## सम्पादकीय

# लुम्बिनी अस्पताललाई भद्रगोलबाट बचाऔं

लुम्बिनी प्रादेशिक अस्पताललाई प्रदेश सरकारले गौरवको आयोजनाको रुपमा पूर्वाधार निर्माणको काम अघि बढाएको छ। ६ अर्ब लागतमा १० तले अत्याधुनिक भवन बनाउने र १२ सय शैयामा विस्तार हुने भएपछि आशा जाग्नु स्वभाविकै हो। केही वर्ष अघिसम्म पूर्वाधार कमजोर रहेको अस्पताल अहिले पूर्वाधारमा कमजोर छैन, अहिले जति भएको छ, त्योभन्दा बढी राम्रो गराउने प्रयासले यो क्षेत्रको स्वास्थ्य क्षेत्रले फड्को मार्ने देखिएको बेला अस्पतालको आन्तरिक प्रशासन खल्बलिनु दुःखद छ।

अस्पताल विकास समिति राजनैतिक खिचातानीको शिकार भएको छ। अस्पताल प्रशासनलाई काम गर्नका लागि सहयोग गर्ने विकास समितिले काम गर्न नपाएपछि अस्पताल प्रशासनले मात्रै स्थानीय समन्वय र सहयोग जुटाउन कठिन भइरहेको बेला अस्पतालका मेडिकल सुपरिटेण्डेट डा. इन्द्र ढकाललाई अदालतले तत्काल काम नगर्न अन्तरिम आदेश जारी गरेको छ। त्यसपछि प्रदेश सरकारले अस्पताल प्रशासन चलाउन अन्तरिम व्यवस्थापन गरेको छ। एमाले नेतृत्वको सरकारले अजयमान श्रेष्ठलाई अस्पताल विकास समिति अध्यक्षमा नियुक्त गऱ्यो। प्रदेश सरकारमा कांग्रेस नेतृत्व आएपछि उनलाई हटाइयो। अदालतले श्रेष्ठलाई नहटाउन र काम गर्न दिन आदेश दियो तर उनलाई काम गर्ने वातावरण दिइएन्। अहिले एमाले नेतृत्वमा सरकार गठन भएको छ। प्रदेश सरकारमा एमाले नेतृत्व आएपछि अस्पताल विकास समितिलाई काम गर्ने वातावरण तयार हुने आशामा विकास समिति अध्यक्ष व्यग्र प्रतिक्षा गरिरहेका बेला मेडिकल सुपरिटेण्डेन्ट विवाद अदालतमा पुगेको छ। डा. इन्द्र ढकाल दसौं तहका हुन्। एघारौं तहका डा. विष्णु गौतमले कनिष्ठलाई मेसु बनाउन नपाइने भन्दै अदालतमा मुद्दा दायर गरेपछि ढकाललाई तत्काल काम नगर्न अन्तरिम आदेश जारी गरेको छ। विकास समिति अध्यक्ष अदालतको आदेशले पुनर्वहाली भएझैं मेडिकल सुपरिटेण्डेन्ट पनि अदालतले छिटो टुंगाउने आशा गर्नुको विकल्प छैन।

अस्पताललाई राम्रो बनाउने हो भने बजेट व्यवस्थापन गरेर मात्रै हुँदैन्। त्यसका लागि विकास समिति र प्रशासनिक नेतृत्व चयनलाई राजनैतिक दबाब र प्रतिशोधबाट बाहिर राख्नुपर्छ। अहिलेको समस्या भनेको राजनैतिक खिचातानी र प्रतिशोधको शिकार अस्पताल भएको देखिएको छ।अस्पताललाई राजनैतिक खिचातानी र प्रतिशोध साँध्ने थलो बनाउँदा अस्पताल भद्रगोल हुने र नागरिकको विश्वास गुमाउँदै जाने जोखिम बढ्ने छ। अहिले लुम्बिनी प्रादेशिक अस्पतालको सेवा प्रवाह सुधारले विश्वसनीयता बढ्दै गएको बेला यो विश्वसनीयतालाई खस्किन नदिन सरोकारवाला निकाय चनाखो बन्न जति आवश्यक छ, अदालतले बेलैमा मुद्दाको किनारा लगाएर अस्पताल प्रशासनलाई भद्रगोल हुनबाट बचाउन उत्तिकै आवश्यक छ।

# यसरी कम गर्न सकिन्छ बाघ र मान्छेको द्वन्द्व



शरद अधिकारी

*हामीले गरिबी हटाउने र रोजगारी सिर्जना गर्नेतर्फ नसोची बाघ संरक्षणको एक सूत्रीय अर्जुनदृष्टि मात्र लगायौं। त्यसैले अब सिंहदरबारको ध्यान यतातिर जानुपर्छ। तत्काल विशेष कार्यक्रम घोषणा गर्नु सान्दर्भिक हुन्छ।*

*जुन बेला बाघबाट समुदाय प्रभावित हुन्छ या बाघले मान्छेको ज्यान लिन्छ, त्यति बेला त्यसलाई समातेर थुनिन्छ। मानिस–बाघ द्वन्द्व न्यूनीकरणमा यही एउटा विधि प्रयोग हुँदै आएको छ। घटनापछि आममानिसबाट पनि यही माग हुन्छ। तर यो समाधान स्थायी हो कि होइन भन्नेबारे विमर्श र अध्ययन जरूरी छ।*



सन् २०२२ को गणना अनुसार नेपालमा बाघको संख्या ३ सय ५५ छ। यसपछिका विभिन्न अध्ययन र अनुसन्धानले यो संख्या बढेर चार सय नाघिसकेको देखाएका छन्।

यसरी बाघको संख्या बढ्नु नेपालको सफलता हो। नेपालबाट विश्व समुदायका लागि प्रवाह भएको सुखद समाचार हो। सकारात्मक सन्देश हो। विश्व समुदायका लागि नेपालले दिएको उपहार पनि हो।

तर यसबाट नेपालले जति फाइदा लिन सक्नुपर्ने हो, त्यति लिन सकेको देखिँदैन। विश्व समुदायका लागि सकारात्मक सन्देश बनेको बाघको बढ्दो संख्याको घरेलु प्रभाव के छ, यसबारे कस्तो प्रतिक्रिया छ भन्नेबारे विचार/विश्लेषण गर्नु सान्दर्भिक हुनेछ।

बाघ बढेको समाचार संघीय राजधानी काठमाडौं र बाघको रजगज नभएका ठाउँका लागि पनि सुखद हो। तर बारा, पर्सा, मकवानपुर, चितवन, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरवासीलाई यसले अत्याएको छ। उनीहरूको आक्रोश बढाएको छ। किनभने, यी जिल्लामा राष्ट्रिय निकुञ्जहरू छन्। मानिस-बाघ द्वन्द्वका घटना धेरै भएका छन्।

मुलुकमा बाघको संख्या वृद्धि भएसँगै सिंहदरबारले दुई विषयमा मूलतः आफ्नो ध्यान केन्द्रित गर्नुपर्ने थियो।

पहिलो, यसबाट सिर्जित समस्या र चुनौती।

दोस्रो, यसले सिर्जना गरेको अवसर।

पहिले चर्चा गरौं बाघको संख्या बढेसँगै सिर्जित समस्या र चुनौतीबारे।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन १४ गते बाघको संख्या घोषणा गर्दा हामीमा एकप्रकारको उत्साह जागेको थियो। बाघको संख्या दोब्बर बनाउने हाम्रो राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता थियो। सन् २००९ मा १२१ वटा बाघ भएकामा २ सय ५० पुऱ्याउने लक्ष्य थियो। बाघको संख्या झन्डै तेब्बर हाराहारीमा पुग्यो र हाम्रो लक्ष्य शतप्रतिशत हासिल भएको थियो। काठमाडौंले यसको उत्सव मनायो।

तर हामीले यसको गहिराइसम्म पुगेर अध्ययन गरेनौं। बाघ बढेसँगै यसबाट सिर्जना हुन सक्ने समस्या र चुनौतीबारे गम्भीरतापूर्वक सोचेनौं। फलतः मानिस र बाघ द्वन्द्वका घटना बढे। यो कसरी कम गर्ने भन्नेमा पनि हामीले ध्यान दिन सकेनौं।

मानिस-बाघ द्वन्द्वका घटना इतिहासमा पनि भएका छन्, तर अहिले बढेका छन्।

यसको प्रमुख कारण वन-जंगलमा आश्रित र निर्भर हुनु हो। नेपालमा जंगल र मानव बस्तीबीच घनिष्ठ सम्बन्ध छ। जहाँ जंगल, त्यहाँ मानिस बस्ती रहँदै आएको इतिहास छ। हाम्रो रैथाने जीवन पद्धतिमा जंगल नभई नहुने कुरा हो। यसले गर्दा मानव-बाघ द्वन्द्वका घटना भइरहन्छन्।

त्यस्तै जनसंख्यामा आएको वृद्धि र अशिक्षाका कारण जंगल वरपर क्षेत्रमा मानव बस्ती बढेको छ। बाघ प्रभावित जिल्लामा जनचेतना र शिक्षाको कमी छ।

हामीले यस्तो समीक्षा गरेनौं। मानिसको जंगलमाथिको निर्भरता हटाउने काम गरेनौं। नहटाए पनि त्यो निर्भरता सुरक्षित बनाउने काम गरेनौं।

अब यसबारे सोचेर वनजंगलमाथिको निर्भरता हटाउन विशेष कार्यक्रम ल्याइनुपर्छ। मानिसलाई जंगलबाट कसरी पर राख्ने, बस्ती नै सार्नपर्ने हो कि, जंगलमा आश्रितहरूका लागि वैकल्पिक उपाय के खोज्ने भन्नेबारे विचार, विमर्श र बहस गर्नुपर्थ्यो। बाघ संरक्षण, मानिस-वन्यजन्तु द्वन्द्व र शिक्षालाई जोडेर वन्यजन्तु प्रभावित क्षेत्रमा स्कुल स्तरदेखि नै संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्थ्यो। यसो भएमा मानिस-बाघ द्वन्द्व घट्ने थियो।

हामीले गरिबी हटाउने र रोजगारी सिर्जना गर्नेतर्फ नसोची बाघ संरक्षणको एक सूत्रीय अर्जुनदृष्टि मात्र लगायौं। त्यसैले अब सिंहदरबारको ध्यान यतातिर जानुपर्छ। तत्काल विशेष कार्यक्रम घोषणा गर्नु सान्दर्भिक हुन्छ।

जुन बेला बाघबाट समुदाय प्रभावित हुन्छ या बाघले मान्छेको ज्यान लिन्छ, त्यति बेला त्यसलाई समातेर थुनिन्छ। मानिस-बाघ द्वन्द्व न्यूनीकरणमा यही एउटा विधि प्रयोग हुँदै आएको छ। घटनापछि आममानिसबाट पनि यही माग हुन्छ। तर यो समाधान स्थायी हो कि होइन भन्नेबारे विमर्श र अध्ययन जरूरी छ। अहिलेसम्म यसरी मान्छेलाई प्रभावित गरेका कारण थुनिएका बाघको संख्या कम्तीमा १८ पुगिसकेको छ। जावलाखेलको सानो चिडियाघरमा मात्रै ६ वटा बाघ छन्। त्यहाँ तिनका लागि ठाउँ निकै साँघुरो छ।

अब दीर्घकालीन समाधानको उपाय खोजिनुपर्छ।

केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री भएका बेला भक्तपुरको सूर्यविनायकमा राष्ट्रिय प्राणी उद्यान बनाउन शिलान्यास भएको थियो। त्यहाँ के कति काम भयो भन्ने त यकिन छैन। तर अवस्था बुझेर र अध्ययन गरेर त्यो ठाउँलाई बाघ केन्द्रित प्राणी उद्यानका रूपमा विकास गर्न सकिन्छ कि भन्नेबारे पनि सोच्न जरूरी छ।

बाघको संख्या बढ्दा संरक्षणका हिसाबले ठूलो सफलता मिलेको छ। देशभित्र र बाहिर सकारात्मक बहस सुरु भएको छ। योसँगै बढ्दो मानिस-बाघ द्वन्द्व कसरी कम गर्ने वा रोक्ने भन्नेबारे पनि चर्चा सुरु भएको छ। बाघ र मान्छेलाई खतराबाट कसरी टाढा राख्ने भन्ने नै अबको प्रमुख चासो र चुनौती हो।

हामीले बाघ संरक्षणलाई विज्ञानको दृष्टिबाट मात्र होइन, व्यवस्थापकीय दृष्टिबाट समेत हेर्नुपर्ने हुन्छ। किनभने, अब मुलुकको समृद्धि र विकासमा बाघ संरक्षणलाई समेत जोडेर अगाडि बढ्नुपर्नेछ।

बाघ संरक्षणमा सरकारले उच्च प्रतिबद्धता साथ काम गरिरहेको छ। तर व्यवस्थापनमा अझैं धेरै काम गर्नुछ।

प्रकृतिको सुन्दर उपहारका रूपमा रहेको बाघले संसारका धेरै मानिसको ध्यान तानिएको हुन्छ। हामीले बढ्दो बाघको संख्यालाई अवसरमा परिणत गर्न सक्छौं। बाघका हरेक गतिविधिलाई पर्यटनसँग जोड्न सकिन्छ। यसै पनि नेपालको पर्यटन प्रकृतिमा आधारित छ। बाघलाई पर्यटनको एक महत्त्वपूर्ण 'प्रडक्ट' का रूपमा विकास गर्न सकिन्छ।

प्रधानमन्त्री ओलीको यसअघिको कार्यकालको लगभग अन्तिम समयतिर (२०७८ असार २६) प्रधानमन्त्री निवासमा बाघ सम्बन्धी एउटा छलफल भएको थियो। राष्ट्रिय बाघ संरक्षण समितिको बैठकका रूपमा भएको त्यो छलफल बाघलाई मुलुकको समृद्धि यात्रासँग जोड्न के गर्न सकिन्छ भन्नेमा केन्द्रित थियो। बाघले पर्यटन विकासमा असीमित सम्भावना बोकेकोबारे विमर्श भएको थियो।

बैठकमा मैले 'प्रधानमन्त्री बाघ संवाद' कार्यक्रम सञ्चालन गर्नेबारे प्रस्ताव गरेको थिएँ। यो कार्यक्रम एक संरक्षण अभियान पनि हो। बाघको माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय समुदायमा चिनाउने र नेपाल घुम्न आउन निम्ता गर्न सकिने उपाय हो। किनभने, संसारका लागि बाघ आकर्षक वन्यजन्तु हो।

प्रधानमन्त्री ओलीले यो प्रस्ताव स्वीकार गर्नुभएको थियो। तर त्यसो गरेको दुई दिनपछि नै उहाँ प्रधानमन्त्रीबाट हट्नुभयो।

अहिले फेरि उहाँ प्रधानमन्त्री हुनुहुन्छ। बाघमार्फत् नेपाललाई विश्वमा चिनाउने र दुनियाँलाई घुम्न आमन्त्रण गर्ने सम्भावना छँदैछ। हामी यो कार्यक्रम पुनः सुरु गर्न सक्छौं।

अब सिंहदरबारले यी काममा किन ध्यान नदिने ?

*(लेखक शरद अधिकारी संरक्षण नीति विज्ञ, राष्ट्रिय प्रकृति संरक्षण कोषका पूर्वसदस्य सचिव तथा बाघ संरक्षण समितिका सदस्य हुन्।) सेतोपाटीबाट*

# नेप्से परिसूचक र कारोबार रकम दुवै घट्यो



काठमाडौं। यो साताको प्रारम्भमा सर्वाधिक कारोबार रकमसहित उच्च अङ्कले बढेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार भने सामान्य अङ्कले घटेको छ। नेप्से परिसूचकसँगै कारोबार रकममा पनि गिरावट आएको छ।

नेप्से परिसूचक आठ दशमलव १८ अङ्कले घटेर दुई हजार नौ सय २३ दशमलव ४६ विन्दुमा कायम भएको हो। तीन सय ३२ कम्पनीको रु पाँच करोड २७ लाख ६४ हजार आठ सय ३२ कित्ता शेयर दुई लाख ४१ हजार छ सय ६५ पटक खरिदबिक्री हुँदा रु २१ अर्ब ५१ करोड ५० लाख १० हजार छ सय ३३ बराबरको कारोबार भएको छ।

नेप्सेका अनुसार बैंकिङ शून्य दशमलव ४५, वित्त एक दशमलव ५७, लगानी शून्य दशमलव ०८, व्यापार शून्य दशमलव ०६ र जीवन बिमा शून्य दशमलव ५४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ। विकास बैंक एक दशमलव ३६, होटल तथा पर्यटन दुई दशमलव २५, जलविद्युत् शून्य दशमलव ३५ र उत्पादन तथा प्रशोधन समूह एक दशमलव ४० प्रतिशतले घटेको छ।

त्यसैगरी, लघुवित्त एक दशमलव १३, म्युचुअल फन्ड शून्य दशमलव ०७, निर्जीवन बीमा एक दशमलव ०२ र अन्य समूहको उपसूचक शून्य दशमलव ७४ प्रतिशतले घटेको छ। मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड, पिपल्स पावर लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ।

नेपाल फाइनान्स लिमिटेडको सबैभन्दा धेरै शेयर मूल्य नौ दशमलव ९३ प्रतिशतले घटेको छ। आज सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु ८१ करोड ९९ लाख ४० हजार आठ सय २२ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने नविल ब्यालेन्स फन्ड-२ को २९ लाख ८६ हजार नौ सय सात कित्ता शेयर किनबेच भएको छ।

# मणिमुकुन्द कलेजमा राष्ट्रिय सेवादल गठन



बुटवल। मणिमुकुन्द कलेजमा राष्ट्रिय सेवादल (एनसीसी) सिनियर ग्रुप गठन गरिएको छ। १८ जना छात्र र १८ जना छात्राहरु रहने उक्त राष्ट्रिय सेवादल गठन कार्यमा तारादल गणका सेनानी कान्छा शाहीले सहजीकरण गरेका थिए। सेवा दल गठनपछि एक सय दिन सम्म चल्ने उक्त तालिमको महत्वको बारेमा नेपाली सेना तारा दल गणका गणपति प्रमुख सेनानी संजिब सिंह सिजापतीले जानकारी गराएका थिए।

कलेजका प्राचार्य टुकबहादुर क्षेत्रीले कलेजमा राष्ट्रिय सेवादल गठनले विद्यार्थीहरुमा राष्ट्रियता, देशभक्ति, अनुशासन र सामाजिक भावनाको विकास गराई सुयोग्य नागरिक बन्न उत्प्रेरित गर्ने बताए। राष्ट्रिय सेवादलमाछनौट भएका छात्र छात्राहरुका अभिभावकले सेवा दलका माध्यमबाट विद्यार्थीहरुको शारीरिक तन्दुरुस्ती र व्यक्तित्व विकास हुने विश्वास जागेको बताए। सो अवसरमा कलेजका संयोजक पशुपति चौधरी र सह-प्राचार्य दिवाकर खनालले संस्थाले विद्यार्थीलाई हरेक क्षेत्रमा सक्षम बनाउने उद्देश्य अनुसार राष्ट्रिय सेवादल गठन गरेको बताए।

# बागलुङ बजारमा लाखेको रौनक

गलकोट (बागलुङ)। बागलुङ बजारमा लाखेनाचको रौनकता छाएको छ। घण्टाकर्ण अर्थात् गठेमङ्गलको भोलिपल्टबाट नाच्न थालिने लाखे यहाँका नेवार समुदायको परम्परागत नाच हो।

शाक्य कल्याण समाज बागलुङले लाखे नाच संरक्षणको अगुवाइ गर्दै आएको छ। साउनको चतुर्दशीदेखि नाचिने लाखे तीजसम्म नाचिन्छ। हिजोआज बजारको चोक तथा गल्लीमा लाखे नाचको रौनकता छाएको छ। झ्याली र बाजाको तालमा दुईवटा लाखे मुखुण्डो लगाएर रङ्गीविरङ्गी कपडासहित नाच्ने गर्छन्। लाखे नाच हेर्न गएका बालबालिकाले 'चे लाखे भूत' भन्दै जिस्काउँदा लाखेले दौडिएर लखेट्ने दृश्य रोचक देखिन्छ।

तीन सय वर्ष अघिदेखि राक्षसको रुपमा रहेको घण्टाकर्णलाई मारेपछि पुनःराक्षसको अवतार नदोहोरियोस् भन्न लाखे नाच्ने परम्परा रहेको शाक्य कल्याण समाज बागलुङका अध्यक्ष राजनकुमार शाक्यले बताए।

"तीन सय वर्ष पहिला काठमाडौंबाट व्यापार गर्न बागलुङ आएका नेवार समुदायले आफ्नो संस्कारको रुपमा लाखेनाच लिने गरेको छ", शाक्यले भने-"नेवार समुदायले लाखे संरक्षण गर्दै आएका छन्, गाईजात्राको दिनदेखि पुनः भदौरे नाच प्रदर्शन हुन्छ।"

एक महिना नाचिने लाखेमा लाखेको भूमिकामा नाच्ने कलाकार पाउन गाह्रो हुन थालेको छ। स्थानीय सरकारले लाखे र भदौरे नाच संरक्षणमा ध्यान दिनुपर्ने उनको भनाइ छ। लाखे र भदौरे नाचमध्येको एक जोगी नाच शाक्य कल्याण समाजले संरक्षण गर्दै आएकोमा होवा नाच, रोपाइँ नाच, जोगी नाच र घोडा नाचे नेवा ल्याम पुचले गर्दै आएको मंका खल बागलुङका अध्यक्ष मुकेश राजभण्डारीले जानकारी दिए।

खर्चिलो भएकै कारण नागनागिनी र थेत्तर नाच लोप भइसकेको स्थानीय बताउँछन्।

बास्सा नाचसमेत लोप हुने अवस्थामा पुगेको अध्यक्ष राजभण्डारी बताउँछन्। बागलुङ नगरपालिकाले यहाँको नेवार समुदायमा रहेको हनुमान नाच जोगाउन नीति तथा कार्यक्रममा समावेश गरेको जनाएको छ। आगामी दिनमा लाखे नाच र भदौरे नाच संरक्षण गर्न नगरपालिकाले अग्रसरता देखाउने नगर उपप्रमुख राजु खड्काले जानकारी दिए। रासस

## पशु...

आउँदा उनीहरुले दूधालु गाई समेत ल्याए। ती गाई बोकेर पहाड उक्लने संभावना थिएन् । किनकि पहाडमा दूधको बजार विकसित भइसकेको थिएन् । तीब्र शहरीकरणमा अघि बढिरहेको रूपन्देही नै आसामबाट फर्केकाहरुको आकर्षण भयो । शंकरनगर,आनन्दवन, मक्रहर, सेमलार र मोतीपुरलगायतमा जग्गा जमिन किनेर बसे । जग्गाजमिनको बन्तोवस्त भएपछि उनीहरु गाईपालनमा लागे ।

व्यवसायिक गाईपालनको विकासले यहाँको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्यो । गाउँले शहरलाई दूध आपूर्ति गर्‍यो । शहरले गाउँलाई पैसा दियो । गाउँ र शहरबीचको सम्बन्ध स्थापित भयो । दुधालु जर्सी गाई ल्याएर यहाँको पशुपालन व्यवसायलाई उकासेका आसामी नेपाली दाजुभाइको प्रयास निकै प्रशंसनी रह्यो । अहिले व्यवसायिक गाईपालनले फड्को मारेको छ । करोडौं लगानीका गाई फर्म खुलेका छन् । करोडौं लगानी गरेर खुलेका गाईफर्मले दूध दिन छाडेका गाईको दीगो व्यवस्थापनबारे सौंचेका छैनन् । न त राज्यले नै सौंचेको छ । अब गोठबाट गौशालामा गाई लैजाने योजना बनाउन ढिलाइ गर्न हुन्न ।

पहिले नगरपालिकाले छाडा गाईवस्तु संकलन गरेर काञ्जी हाउसमा थुनेर राख्ने चलन थियो । काञ्जी हाउसमा थुनेका गाई लिलामी गर्ने गरिन्थ्यो । बुटवल उप-महानगरपालिकाले काञ्जी हाउसमा थुनेका गाई लिलामी नभएपछि ठूलो जंगल क्षेत्रमा लगेर छाडेको थियो । कहिले धानखोलाको जंगल त कहिले स्वर्गद्वारी र रेसुङ्गामा लगेर गाई छाडिएको थियो ।

जंगलमा छाडेका गाई बस्तीमा पसेर खेतीबाली नष्ट गर्न थालेपछि त्यसरी छाड्न स्थानीयले अवरोध गरे । स्वगद्वारी र रेसुङ्गा गौशालामा यहाँका प्लाष्टिक खाएका गाई मर्न थालेपछि उनीहरुले पनि लिन मानेनन् । बुटवलको सडकका छाडा गाई स्वर्गद्वारी र रेसुङ्गा पुर्‍याउने काम पनि दीगो हुन सकेन् । तीन वर्ष अगाडि बुटवलमा गाई संकलन गरेर पूर्वतिरको गौशालालाई जिम्मा लगाउन थालेपछि बुटवल उप-महानगरपालिकाले हलुका महशुस गर्न थाल्दाथाल्दै अर्को तनाव थपियो । बुटवल उप-महानगरपालिकाले गाई बेचेको आरोप लगाएर मिलनचोकमा गौ संरक्षण भन्दै साधुसन्तहरु अनसन बस्न थाले । उनीहरुको अनसनले विषयवस्तुलाई अन्यत्र मोड्यो । छाडा गाई व्यवस्थापनका लागि अप्ठारो अवस्था आयो । केही महिना अघि बुटवल उप-महानगरपालिकाले शिवनगरमा गौशाला स्थापना गरेको छ ।

तिलोत्तमाको शंकरनगरपमा पनि गौशाला छ । देवदहको भलुहीमा पनि गौशाला छ । अहिले छाडा गाईवस्तुको व्यवस्थापनको लागि नगरपालिकाहरुले अरुले खोलेका गौशालालाई बजेट विनियोजन गर्न थालेका छन् । र, आफैं पनि गौशाला स्थापनाको कामलाई अघि बढाइरहेका छन् । के गौशाला स्थापना र सञ्चालन नै छाडा गाईवस्तुको दीगो व्यवस्थापन हो त ? छाडा गाईवस्तुको व्यवस्थापन गौशाला स्थापना र सञ्चालनले मात्रै पटक्कै हुनसक्तैन् । गौशाला स्थापना र सञ्चालनले गाई पाल्नेहरुलाई छाडा छाड्न प्रेरित गर्छ । स्थानीय तह मिलेर साझा अभियान थाल्दा छाडा गाईवस्तुको दीगो व्यवस्थापन गर्न संभव छ ।

चार वर्ष अघि बर्दियाका सिडियो रामबहादुर कुरुम्वाङले छाडा गाईवस्तु व्यवस्थापनका लागि गरेको प्रयासलाई एउटा मोडलको रुपमा लिएर काम गर्न सकिन्छ । बर्दियामा छाडा गाईवस्तु बढेर खेतीबाली नोक्सान हुने र दुर्घटना बढेपछि श्रृजनशिल सिडियोले प्रहरी र समुदायको सहयोगमा छाडा सबै गाई संकलन गरेर गौशालामा राखे ।

त्यसपछि पालिकाको कृषि तथा पशु शाखाले किसानको गोठमा रहेका गाईको रेकर्ड राखेर ट्याग लगाइदियो । कसको गोठमा कति गाई छन् र कसको गाईको कति नम्बर हो भन्ने जानकारी पालिकाको कृषि शाखामा रहेपछि समस्या समाधानको ढोका खुल्यो । सिडियोले अब ट्याग लागेको गाई छाडा छाडे जरिवाना र जेल समेतको सजायको व्यवस्थालाई कार्यान्वयन गरे । कुरुम्वाङले गाई छाडा छाड्न बानी परेका चार जनालाई मुद्दा चलाएर जेल पठाएपछि छाडा गाईवस्तु नियन्त्रणमा बल पुगेको सम्झन्छन् । रूपन्देहीमा पनि यो मोडल प्रभावकारी हुनसक्छ । बुटवल उप-महानगरपालिकाको अगुवाइमा सबै स्थानीय तह मिलेर एउटा कोष खडा गर्ने । त्यो कोषबाट आएको ब्याजले गौशाला सञ्चालन गर्ने । हरेकको गोठमा भएका गाईमा ट्याग लगाएर तथ्याङ्क राख्ने जिम्मा पालिकाको कृषि शाखालाई दिने ।

गाईवस्तुको जन्म, मृत्यु, बेचबिखनको रेकर्ड राख्ने । अनुगमनका लागि एउटा संयन्त्र बनाउने । दूध दिन छाडेका गाई गौशालामा राख्ने प्रबन्ध मिलाउने । गौशालामा गाई राख्दा किसानबाट पनि निश्चित प्रतिशत पैसा लिने व्यवस्था मिलाउने । यी काम योजनाबद्ध गर्ने हो भने छाडागाईवस्तुको व्यवस्थापन दीगो हुनसक्छ ।

बुद्यौली लागेका गाई गौशालाबाट गिद्ध संरक्षणका लागि खोलिएका जटायु रेष्टुरेण्टमा दिन सकिन्छ । जटायु रेष्टुरेण्ट भनेको गिद्धका लागि आहारा राख्ने ठाउँ हो । अहिले गिद्ध संरक्षण अभियान प्रभावकारी बनाउन बुद्यौली लागेका गाईवस्तुलाई आहारा बनाइएको छ ।

छाडा गाईवस्तुको व्यवस्थापनका लागि गौशालाको मात्रै भर पर्ने हो भने गौशालाले थेग्न सक्ने देखिंदैन । स्थानीय तहको ठूलो बजेट गौशाला व्यवस्थापनमै खर्चिनुपर्ने हुन्छ । दीगो व्यवस्थापनका लागि पहलकदमी लिने काम बुटवल उप-महानगरपालिकाको हो । उप-महानगरपालिकाको अगुवाइमा रुपन्देहीका सबै पालिकासँगै हिंड्न सक्छन् ।


## मोटरसाइकल हराएको सूचना

मेरो निम्न व्यहोरा भएको मोटरसाइकल मिति २०८१/०३/३० गते बेथरी चोकमा पार्किङ्मा रहेको अवस्थामा हराएको हुँदा भेट्टाउनुहुने महानुभावहरुले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा सम्पर्क गरिदिनुहोला ।

**सवारी धनीको नामः** हुलास फिन सर्व लि.
**मोटरसाइकल नं.:** लु ८७ प ८८८३(पल्सर २२० सीसी स्पर्क्ले ब्लैक रेड)
**च्यासिस नं.** : MD2A13EX3MCJ80534
**इन्जिन नं.** : DKXCMJ34243
**सम्पर्क नं.** : ९८६४५८१२६५, ९८०१९८७८३२

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला हस्तिचौर गा.वि.स. वडा नं. ०३ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, इस्मा गा.पा. वडा नं. १, बस्ने श्री नाम थाहा नभएकोको नाति श्री खडक बहादुर कुवँर क्षेत्री को छोरा श्रीमति झगी कुमारी कुवँर क्षेत्री को श्रीमान बर्ष ७६ को श्री हर्क बहादुर कुवँर क्षेत्री भन्ने हर्क बहादुर (नागरिकता नं. १४४८ जि.प्र.का गुल्मी मिति २०४२/११/२३ मा जारी) को मिति २०८०/१०/२६ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०२८४१ र २०९३५२४२२०५१३६ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती झगी कुमारी कुवँर क्षेत्री भन्ने झगी कुमारी ले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री हर्क बहादुर कुवँर क्षेत्री भन्ने हर्क बहादुर (नागरिकता नं. १४४८ जि.प्र.का गुल्मी मिति २०४२/११/२३ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
गुल्मी शाखा, गुल्मी
फोन ०७९-५२१०२९, फ्याक्स ०७९-५२११९४

नेपाल सरकार अर्थ मन्त्रालय
भन्सार विभाग
## भैरहवा भन्सार कार्यालय
सिद्धार्थनगर न.पा-९, बेलहिया, रूपन्देही

### जनहितमा जारी सन्देश

**नेपाल सरकारको कार्य सञ्चालनको लागि नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम स्थापित विभिन्न मन्त्रालयहरु मध्ये अर्थ मन्त्रालय मातहतमा रही राजस्व प्रशासन क्षेत्रसंग सम्बद्ध कार्यहरु गर्ने गरी विभागस्तरको निकायको रुपमा भन्सार विभाग क्रियाशील रहेको छ। भन्सार विभागका काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएका छन्।**

- भन्सार सम्बन्धी नीतिगत सुधारहरु प्रस्ताव गर्ने,
- व्यापार सहजीकरण सम्बन्धी कार्यहरू गर्ने,
- आयात निर्यातमा लाग्ने कर राजस्व संकलन गर्ने,
- भन्सार महसुल सम्बन्धी कार्य र सो को पुनरावलोकन सुन्ने सम्बन्धी कार्य गर्ने,
- दरबन्दी पुस्तिका प्रकाशन गर्ने, कानून बमोजिम भन्सार महसुल छुट प्रदान गर्ने,
- वस्तु वर्गीकरण सम्बन्धमा पूर्वादेश जारी गर्ने, द्विविधा परेका वस्तुको वर्गीकरणको निर्णय गर्ने,
- भन्सार कार्यालयबाट भएका वस्तु वर्गीकरण सम्बन्धमा पुनरावलोकन सुन्ने,
- भन्सार एजेण्टको नियुक्ति, एजेण्टको इजाजतपत्रको नवीकरण तथा अनुगमन गर्ने,
- भन्सार मूल्यांकन तथा कारोबार मूल्यको अनुगमन गर्ने,
- भन्सार मूल्यांनका सम्बन्धमा आवश्यकतानुसार पुनः मूल्यांकनको आदेश दिने,
- राजस्व जोखिमको आधारमा जाँचपास पछिको परीक्षण गराउने,
- भन्सार जाँचपासका लागि आशिकुडा विस्तार, कार्यान्वयन र अनुगमन गर्ने,
- रासायनिक पदार्थ तथा अन्य वस्तुहरुको नमूना परीक्षण गरी वर्गीकरण गर्ने,
- छिमेकी राष्ट्र एवं व्यापार साझेदार देशका भन्सार प्रशानसनसंग समन्वय र सहकार्य गर्ने,
- विश्व भन्सार संगठन र व्यापार सम्बद्ध अन्य अन्तर्राष्ट्रिय संगठनहरुसंग समन्वय र सहकार्य गर्ने,
- भन्सार कार्यालयहरुको नियमित अनुगमन, सुपरिवेक्षण र निरीक्षण गर्ने।


## जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड
## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट्र बैंक बाट "घ" वर्गको इजाजत पत्र प्राप्त वित्तीय संस्था (१९ जिल्ला कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही, फोन नं. ०७१-४३८१७१ (Email : info@jucbank.com.np)

### Unaudited Financial Report (Quarterly)
### As on Fourth Quarter for the Fiscal Year 2080/081 (31/03/2081)

(Rs. in '000)

| S. N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending | Remarks |
|---|---|---|---|---|---|
| 1 | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,274,558.92** | **2,319,624.60** | **2,227,848.55** | |
| 1.1 | Paid-up Capital | 170,091.90 | 170,091.90 | 170,091.90 | |
| 1.2 | Reserves and Surplus | 89,132.28 | 85,504.28 | 79,275.38 | |
| 1.3 | Debenture and Bond | | | | |
| 1.4 | Borrowings | 1,075,993.08 | 1,155,098.33 | 1,110,851.83 | |
| 1.5 | Deposits (a+b) | 870,652.89 | 855,902.02 | 819,980.13 | |
| | a. Domestic Currency | 870,652.89 | 855,902.02 | 819,980.13 | |
| | b. Foreign Currency | | | | |
| 1.6 | Income Tax Liabilities | 3,355.42 | 4,075.70 | 139.57 | |
| 1.7 | Other Liabilities | 65,333.35 | 48,952.37 | 47,509.75 | |
| 2 | **Total Assets (2.1 to 2.7)** | **2,274,558.92** | **2,319,624.60** | **2,227,848.55** | |
| 2.1 | Cash & Bank Balance | 11,818.64 | 14,222.49 | 15,153.69 | |
| 2.2 | Money at call and short Notice | 101,994.29 | 119,821.62 | 143,196.21 | |
| 2.3 | Investments | | | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 2,069,137.56 | 2,099,431.84 | 1,983,241.85 | |
| | f. Others | 2,069,137.56 | 2,099,431.84 | 1,983,241.85 | |
| 2.5 | Fixed Assets | 8,213.89 | 10,667.16 | 9,664.52 | |
| 2.6 | Non Banking Assets | | - | - | |
| 2.6 | Other Assets | 83,394.53 | 75,481.49 | 76,592.28 | |
| 3 | **Profit and Loss Account** | | | | |
| 3.1 | Interest income | 295,282.25 | 215,816.15 | 309,546.97 | |
| 3.2 | Interest Expense | 200,873.70 | 151,728.55 | 211,807.27 | |
| A | **Net Interest Income (3.1-3.2)** | **94,408.55** | **64,087.60** | **97,739.70** | |
| 3.3 | Fees Commission and Discount | - | - | - | |
| 3.4 | Other Operating Income | 26,948.32 | 23,053.93 | 23,119.28 | |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - | |
| B | **Total Operating Income (A+3.3+3.4+3.5)** | **121,356.87** | **87,141.54** | **120,858.98** | |
| 3.6 | Staff Expenses | 81,201.22 | 59,201.22 | 91,294.33 | |
| 3.7 | Other Operating Expenses | 31,814.04 | 19,556.38 | 40,487.65 | |
| C | **Operating profit Before Provision (B-3.6-3.7)** | **8,341.60** | **8,383.93** | **(10,923.00)** | |
| 3.8 | Provision for Possible Loss | 32,640.34 | 15,990.16 | 88,168.50 | |
| D | **Operating profit (C-3.8)** | **(24,298.74)** | **(7,606.23)** | **(99,091.50)** | |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - | |
| 3.10 | Write Back of Provision for Possible Loss | 40,652.61 | 22,701.41 | 91,733.53 | |
| E | **Profit From Regular Activities (D+3.9+3.10)** | **16,353.88** | **15,095.18** | **(7,357.97)** | |
| | Extraordinary Income/Expenses (Net) | - | - | - | |
| F | **Profit Before Bonus and Taxes (E+3.11)** | **16,353.88** | **15,095.18** | **(7,357.97)** | |
| 3.12 | Provision For Staff Bonus | 850.17 | 1,509.52 | - | |
| 3.13 | Provision For Tax | 3,355.42 | 4,075.70 | (582.32) | |
| G | **Net Profit/Loss (F-3.12 -3.13)** | **12,148.29** | **9,509.97** | **(6,775.65)** | |
| 4 | **Ratios** | | | | |
| 4.1 | Capital Fund to RWA | 10.99% | 9.61% | 9.35% | |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 6.65% | 10.31% | 13.62% | |
| 4.3 | Total Loan Loss Provision to total NPL | 60.86% | 54.53% | 37.00% | |
| 4.4 | Cost of Funds | 9.89% | 9.90% | 10.56% | |
| 4.5 | Credit to Deposit & Borrowing Ratio | 106.29% | 109.17% | 102.71% | |
| 4.6 | Base Rate | 14.97% | 14.80% | 16.87% | |

नोट : उल्लेखित अपरिष्कृत वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्धारा अनुपालना गरिएको व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंक द्धारा 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकिकृत निर्देशन बमोजिम तयार पारिएको छ। यस वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षक बाट कुनै फेरबदल गर्न सुझाव भए बमोजिम परिवर्तन हुन सक्नेछ ।

धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसुची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित

## आ.व. २०८०/०८१ को चौथो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरणः-** यस वित्तीय संस्थाको आ. व. २०८०/०८१ को चौथो त्रैमासको वासलात, नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ । जसलाई वित्तीय संस्थाको वेबसाईट (www.jucbank.com.np) मा पनि राखिएको छ।

**ख. प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| ७.१४ | १९९.५९ | १५४.३८ | १,३३७.२५ | ५.६५ |

**२. ब्यवस्थापकीय विश्लेषणः**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः**
चालु आर्थिक वर्षको चौथो त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तार न्यून रहेको छ । वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैकिङ्क तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ । ब्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गर्दै आएको छ। वित्तीय कारोबारमा क्रमिक सुधार भई यस चालु आ.व २०८०/०८१ को चौथो त्रैमासको अन्तसम्म सस्थाको मुनाफा धनात्मक रहेको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ । आगामी दिनमा कर्जाको साँवा तथा ब्याज नियमित असुली हुने, निक्षेप परिचालनमा बृद्धि हुने तथा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको अनुमान रहेको छ ।

**(ख) आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**
वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न प्रकारका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिरहेको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मुख्य उदेश्यले एस.एम.एस बैङ्किङ्क सेवा सूचारु गरिएको छ। सदस्यहरुले आफ्नो किस्ता ईसेवा र खल्ती वालेट मार्फत आफै भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ। वित्तीय संस्थालाई प्रविधिमैत्री बनाउने मुख्य उदेश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा सो कार्यलाई ब्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना सहित देहायका विषयहरुलाई प्राथमिकतामा राखि कार्य गर्ने व्यवसायिक योजना रहेको छ । राष्ट्रिय स्तरको लघुवित्त का लागी नेपाल राष्ट्र बैंक संग सम्मन्वय गर्ने योजना रहेको छ । समग्र लघुवित्त क्षेत्रमा परेको प्रभावलाई कम गर्न संस्थाको तर्फबाट वित्तीय साक्षरता कार्यक्कम निरन्तर रुपमा गर्दै आईरहेकोमा आगामि दिनमा पनि ग्राहकको घरदैलोमा कार्यक्रम संचालन गदै जाने योजना रहेको छ । निक्षेप बृद्धिका लागी आकर्षक निक्षेप योजना लागू गरिने छ । बास्तविक समस्यामा परेका सदस्यलाई सहजीकरण गर्ने र ब्यवसाय पुनरउत्थानका लागी क्षमता अभिबृद्धि तालिम तथा वित्तीय परामर्श दिदै जाने योजना रहेको छ। ग्राहकको विश्वसनियता र पारदर्शिता लाई ध्यानमा राखि नविनतम प्रविधिहरुको प्रयोग गरि वित्तीय सेवाहरु लाई ग्राहकमुखि बनाउदै लगिनेछ।

**(ग) विगतको अनुभवबाट संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदी भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरण :**
लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा, बजारमा तरलता अभावको कारण लागत बढ्ने आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति नियम, कार्यविधिहरुको तर्जुमा गरि अगाडी बड्ने नीति यस संस्थाले लिएको छ।

**३.कानुनी कारवाही सम्बन्धि विवरण :**
(क) त्रैमासिक अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन ।
(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ । शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धीत निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।
(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेबसाइट www.nepalstock.com का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| १,५२९ | १,०८० | १,४२५ | ६१ | ३,५६१ | १९०,३४१ |

५.समस्या तथा चुनौतिहरु :
(क) कर्जा लगानीमा दोहोरोपना तथा कर्जा सदुपयोगितामा ह्रास ।
(ख) जनशक्तिमा हुन सक्ने परिवर्तन
(ग) निष्कृय कर्जा व्यवस्थापन
(घ) लघुवित्त संस्थाहरुको विरुद्ध अराजक गतिविधिहरु
(ङ) समुह दायित्व बहनमा आएको समस्या
(च) अर्थतन्त्रको संकुचन, ग्राहकहरुको व्यावसाय र आम्दानीमा परेको प्रभाव
(छ) बढ्दो संचालन लागत र घट्दो खुद ब्याजदर अन्तर

**६.संस्थागत सुशासन :**
संस्थाको दिगो विकास र प्रगति तब मात्र सम्भव छ जब संस्थागत सुशासन कायम रहन्छ यही कुरालाई मनन् गर्दै संस्थागत सुशासन प्रति संस्था सदैव सजग र प्रतिवद्ध रहेको छ। संस्थागत सुशासनलाई प्रभावकारी कार्यान्वयन गर्न गराउन संस्थालाई आवश्यक पर्ने विभिन्न नीति, निर्देशिका तथा कार्यविधिहरु तयार गरी लागु गरिएको छ । संचालकहरुको आचार संहिता लागु गर्ने एंव कर्मचारी विनियमावलीमा कर्मचारी आचार संहिता व्यवस्था गरी सोको पालना एंव नेपाल राष्ट्र बैंकको नीति, निर्देशन अनुसार नियमित अनुगमनको व्यवस्था गरी सोको कडाईका साथ पालना गर्ने गराउने गरिएको छ। संस्थागत सुशासनलाई ध्यान दिदै संस्थामा विभिन्न समिति, उपसमिति तथा विभिन्न विभागहरु खडा गरी जिम्मेवारी अनुसारको कार्य सम्पादन हुने गरेको छ। यसका साथै बाह्य लेखा परीक्षक नियुक्ति गर्नुका साथै संस्थाको केन्द्रीय कार्यालयमा आन्तरीक लेखा परीक्षक अनुगमन तथा मूल्याङ्कन विभाग खडा गरी संस्थागत सुशासनलाई चुस्तदुरुस्त बनाउन ब्यवस्थापन हरदम प्रयत्नशील रहनुका साथै संस्थाको सुशासनलाई उच्च बनाई राख्न समय सापेक्ष आवश्यकता अनुसार रणनीतिहरु तर्जुमा गरी कार्यान्वयन गर्न ब्यवस्थापन सदैव प्रतिवद्ध रहने छ। संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संथागत सुसासन लगाएतका निर्देशन पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०७३, आयकर ऐन २०५८ तथा श्रम ऐन २०७४ पालना गर्दै आएको छ। साथै संस्थाको विद्यमान नीति, नियम, विनियम, निर्देशिका तथा कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोबारहरु संचालन हुदै आइरहेको छ।

**७.सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**तरकारी किनमेल:**
गाउँमा सङ्कलन केन्द्र तथा सहज यातायातको पहुँच नहुँदा एक घण्टाको पैदल दुरीमा डोकामा तरकारी बोकेर सहिदमार्गको भाडोबारीमा तरकारी बिक्री गर्न आएका रोल्पाको त्रिवेणी गाउँ पालिका-२ स्थित पिराले गाउँका स्थानीय किसान। *तस्विर : कुलदीप न्यौपाने / रासस*

# गायिका शोभा सम्मानित



बुटवल। पाँचौ संस्करणको जिनियस म्युजिक अवार्डबाट देवदहकी गायिका शोभा पाण्डे सम्मानित भएकी छन्। काठमाडौंको प्रज्ञा भवन कमलादीमा एक समारोहबिच शोभलाई सर्वोत्कृष्ट लोक आधुनिक गायिका क्याटोगोरीमा र अन्यलाई विभिन्न विधाका श्रष्टालाई अवार्ड प्रदान गरिएको हो। वन तथा वातावरण राज्यमन्त्री रुपा बि.कले गायिका पाण्डेसहितका कलाकारलाई अवार्ड प्रदान गरेकी हुन्। 'नसोध मेरो' गीतबाट पाण्डेयलाई सम्मान गरिएको हो। गायिका पाण्डेय २०७२ सालदेखि निरन्तर गायन क्षेत्रमा क्रियाशिल रहेकी छन्।

सो गीतमा शब्द डा. कृष्णहरि बरालको छ भने एनबी जनकपुरीले कम्पोज गरेका हुन्। गायिका पाण्डेयले संगितमा स्नातक र स्नातकोत्तर गरेकी छन् भने एमफिल/पीएचडीको थेसिस पनि सांगितिक विषयमा नै तयार पार्दै गरेको उनले जानकारी दिइन्।

## ट्रंकलाइन विवादमा छानबिन समितिको माग

बुटवल। प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले डेडिकेटेड र ट्रंकलाइन विवादमा संसदीय छानबिन समितिको माग गरेको छ।

मंगलबार प्रतिनिधिसभामा पार्टीका तर्फबाट विशेष समय लिएर बोल्दै सांसद महेन्द्रबहादुर शाहीले यस्तो माग गरेका हुन्।

केही विषय उठ्नेबित्तिकै संसदीय छानबिन समिति भन्ने चलन रहेको उल्लेख गर्दै उनले डेडिकेटेड र ट्रंकलाइन विवाद गम्भीर विषय भएकाले संसदीय छानबिन समिति आवश्यक रहेको बताए।

सरकारमाथि सुशासनको मामलामा गम्भीर प्रश्न उठेकाले पनि संसदीय छानबिन समिति बनाउनका लागि सत्तारुढ दलहरु तयार हुनुपर्ने उनको आग्रह छ।

उद्योगीले विद्युत् महसुल तिर्ने कि नतिर्ने भन्ने विषयमा बहस गर्न छाडेर समस्या कसरी समाधान गर्ने भनेर कार्ययोजना ल्याउन पनि सरकारलाई उनको आग्रह छ।

कोभिड-१९ को समयमा अन्य देशहरुमा समेत छुट दिइएको उल्लेख गर्दै उनले त्यसबेलाको विशेष छुट दिएको हो भने त्यही भन्नुपर्ने उनले बताए।

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




Lumbini Province Government
**Ministry of Physical Infrastructure Development**
Transport Infrastructure Directorate
**Road Infrastructure Development Office**
Pyuthan

## Invitation for Bids

IFB No :01/081/82Date of Publication :- 2081-04-30(2024-08-14)

1. Road Infrastructure Development Office,Pyuthan invites electronic bids only from eligible bidders for the Construction and maintenance ofSeveral Roads& Trail Bridge Maintenance under National Competitive Bidding (NCB) and Sealed Quotation (SQ) procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Road Infrastructure Development Office,Pyuthan , email ridopyuthan@gmail.com or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

| Name of the Bank | Name of Office | Office Code No | Rajaswa (Revenue) Shirshak No | Rajaswa(Ravenue) Account No | Office Account No |
|---|---|---|---|---|---|
| Nepal Bank Limited, Khalanga, Pyuthan | Road Infrastructure Development Office, Pyuthan | 3370155025 | 14229 | 27402000001001000001 | 05202000002003000001 (प्रदेश लेखा धरौटी खाता) |

# Isma Rural Municipality
**Office of the Rural Municipal Executive**
**Ismarajasthal, Gulmi**

## Invitation for Electronic Bids

1st Date of Publication: Wednesday, August 14, 2024 (4/30/2081)

1. Isma Rural Municipality, Isma Rajasthal, Gulmi invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB For S.N 1 & SQ for S.N.2 name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract Identification No. | Description of work | Estimated Amount. (Including Vat and PS) | Bid Document Fee Amount | Bid Security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| | OIRM/GUL/NCB/81/82-01 | Jaidhunga B.P Park Nirman Yojana Wada No.1 | NRS. 9,999,411.60 | NRS. 3,000.00 | NRS. 300,000.00 | 9/14/2024 12:00 Noon | 9/14/2024 1:00 PM |
| | OIRM/GUL/SQ/081/82-02 | Procurement and Supply Of Sanitary Pads For Isma Rural Municipality , Gulmi. | NRS. 1,116,550.00 | NRS. 1,000.00 | NRS. 32,500.00 | 8/30/2024 12:00 Noon | 8/30/2024 1:00 PM |

| Bank Name | Name of Office | Antarik Rajaswo Khata | Sthaniya taha Dharauti Khata |
|---|---|---|---|
| "Global IME Bank Limited Isma, Gulmi" | Isma Rural Municipality Gulmi Ismarajasthal, Gulmi | Ga-1.1 Antarik Rajaswo Khata (Isma Ga.pa) Revenue Code Number :-14219<br>35704010000006 | Ga-3 Sthaniya taha Dharauti Khata (Isma Ga.pa)<br>35704010000004 |

2 Pre-Bid meeting shall be held.
3 Tender Procedures shall follow public procurement act 2063 and public procurement regulation 2064 along with recent amendments
4 Bid Submitted in hard copy shall not be accepted.
5 If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6 For further information please refer to the PPMO's website http://bolpatra.gov.np/egp. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com